## सफलताका कथाहरु

### तरकारी खेतीले विचार बदलियो



अछाम जिल्ला मार्कु गाविस वार्ड नं. ४ दुवाडी बस्ने बर्ष ३५ का झंकर भुल पहिले देखि नै तरकारी खेती गर्दै आईरहेका भए पनि परम्परागत प्रणालीका कारण सफलता पाउन सकेका थिएनन । मौसम अनुशार तरकारी खेती गर्ने भएकाले खासै आम्दानी लिन नसकेको कुरा उहाँ बताउनुहुन्छ । मौसम अनुशारको तरकारी खेती गर्दा आम्दानी कम हुने र बजार पनि नपाईने उनको अनुभव थियो। मार्कु गाविसमा संचालित युवा कृषि स्वरोजगार कार्यक्रममा ब्यवसायकर्ताको रुपमा झंकर पनि छनौट भएका थिए। छनौट भएपछि उनी ११ दिनको कृषक ब्यवसाय पाठशाला र ६ दिने तरकारी खेती सम्बन्धी सिप मुलक तालिममा सहभागी भए । यसबाट भुलले ब्यवसाय भनेको के हो, कसरी गर्ने, हिसाव किताव किन र कसरी राख्ने ? तरकारीको बिउ छनौट, नर्सरी ब्यवस्थापन, मौसमी तथा बेमौसमी तरकारी लगाउने तरिका आदि ईत्यादीका बारेमा जानकारी पाएकाथिए।

हाल भुलले मौसमी मात्रै नभएर बेमौसमी तरकारी खेती पनि सुरु गरेका छन्। उनले बेमौसमि तरकारी खेती पलाष्टीकको घर निमार्ण गरि गर्नेगरेका छन। बिशेष गरि उनले टमाटरका साथै बन्दा, काउली, भान्टा, प्याज, लसुन, आलु र खुर्सानी आदिको खेति पनि गर्दै आएका छन। उनको अनुभवमा अन्नबालीको आम्दानी भन्दा तरकारीको आम्दानीमा आकास पातालको फरक रहेछ। थौरै जमीनबाट पनि धेरै फाइदा लिन सकिने र बिक्रीबाट राम्रो आम्दानी हुने भएकोले उनी तरकारी खेतीमा आर्कषित भएको बताउँनुहुन्छ। उनको अनुभवमा मौसमी भन्दा बेमौसमी तरकारी खेतीमा मेहनेत र लगानी बढि भए पनि आम्दानी र बजारको माग एकदमै राम्रो छ। घरमै ग्राहक आउने, बिक्री गर्नको कुनै समस्या नरहेको र भने अनुशारको रकम कमाउन सकिने कुरा उनले बताए। उहाँ भन्नुहुन्छ अब म बिस्तारै यो तरकारी ब्यवसायलाई मौसमी भन्दा पनि बेमौसमी तर्फ अग्रसर गराई अन्य खेतीपाती कम गर्ने विचारमा छु र तरकारी खेतीले मेरो सोचमा पनि परिवर्तत आएको छ।

पहिला उनको घरमा तरकारी खाने बानी नै थिएन तर उनले तरकारी फलाउन थालेपछि तरकारी खाने बानी बस्यो। आजभोली तरकारी नभएको दिन केटाकेटी खाना पनि खान मन नगरेको कुरा उनी बताउँछन

। पहिला भारतको ज्याला मजदुरीमा आफ्नो कलिलो जवानी विताएका झंकर भुल आज भोली घरमै तरकारी ब्यवसायमा ब्यस्त भएकाले उनको परिवारमा खुशी देखिन्छ । अर्काको देशको सय रुपैया भन्दा आफनो देशको दश रुपैया नै ठुलो भन्ने काहवत लाई भुलले प्रमाणीत गरिरहेका छन । साचै भन्ने हो भने थौरै भए पनि आफ्नै गाँउघरमा परिवार संगसंगै बसेर हाँसखेल गर्दै रमाईलोसंग जीवन जिउनुको उदाहरण भुल भएका छन् । उनलाई देख्ने वित्तिकै साफेवगर देखी चौखुट्टे सम्म के तरकारी आयो त आज बजारमा भनेर सोध्दा उनी आफुलाई गर्व महसुस भएको सुनाउछन् ।

## संगठित हुदाको फाईदा

छ बर्ष अगाडि श्रीमति बिरामी हुदा गाउंभरि ऋणका लागी भागदौंड गर्दा ऋण नपाएर आफुसंग भएको चारआना सुन धितो राखेर औषधि गरेको तितो सम्झना अझै आइरहन्छ, पायल ६ का केबि बिकमा । "सेतो देखिने सबै नुन हुदैन, सबैमान्छे गुन हुदैन र सबै बृक्षमा फल हुदैन । हामी सबैको सक्रियता र समुह प्रति भएको मायाका कारण आज हामी ऋणीका रुपमा नभई साहुका रुपमा रहेका छौ" भन्दै बैठकमा एकै सासमा सुनाए समुह सदस्य सिता बिकले ।



"एस नेपाल संस्थाले हामीलाई संगठित हुन सिकायो । शुरुमा त हामीलाई कसरि खुल्ने र अगाडी बढने भन्ने समस्या नै आएको हो । कसले के पो के भन्ने हो भन्ने मनमा खेलिरहन्थ्यो । आफु भन्दा पनि आफ्ना बच्चाहरुलाई तेरा आमा-बालाई एच.आई.भि.एड्स लागेको भनेर समाजका अन्य ठुला भनाउदा मानिसहरुले पनि भन्ने रहेछन भन्ने कुराहरु कानमा पुग्थे अनि आफुलाई नराम्रो लाग्थ्यो" धाराप्रवाहा जस्तै समुह अध्यक्षको मुखबाट निस्क्यो । मु पन भन्दो भया एक कुडा (एक कुरा म पनि भन्छु) भन्दै अर्की सदस्य बिस्नाले थपिन "६ बर्ष भयो औषधि खानथालेको, कुटो कोदालो नगरे खान पुग्दैन । प्रत्येक दिन ज्याला मजुदरी गरि खाने मान्छे औषधि भन्दा कामलाई बढी प्राथमिकता दियौ । प्रत्येक महिना औषधि ल्याउनु पर्ने समस्या ले दिक्क लाग्ने गर्दथ्यो त्यसैले औषधिमा नियमितता थिएन । एकदिन औषधी छोड्दाका बेफाइदाको बारेमा समुह बैठकमा छलफल भयो । अरु गाविसमा संक्रमितहरुले औषधि छोडेर मरेको उदारण सुन्दा आफै डराए । आफ्ना वालबच्चालाई सम्झे । आफु नहुदा बच्चाहरुको अवस्था सम्झे र त्यसपछि औषधिमा नियमिता दिए" ।

अर्का सदस्य झुप्रि पार्किले भनिन्, मलाई पनि औषधी प्रति बिश्वासै थिएन । औषधी खादा खादै पनि धेरै मानिसहरु मेरै अगाडि मरेर गए, औषधीले निको भए किन मर्थे जस्तो लाग्थ्यो । औषधीले काम गर्दैन भन्ने सोचेर उनीहरुले औषधीको नियमित सेवन नगरेर मरेका रहेछन । बाहिर औषधि खाने भन्ने तर

कहिले खाने कहिले नखाने, कुलतमा बढी लागेका मानिसहरु पो रहेछन, बैठकको समुहको छलफलले मलाई धेरै ताकत दियो, म आफै औषधी ल्याउन जाने भए । पहिले अरुबाट पनि मगाईन्थ्यो तर आफुले जादा डाक्टरले नियमित रुपमा स्वास्थ्य जांच गर्ने र त्यसबाट निकै फाईदा भएको पनि उनले समुहको बैठकमा बताईन । मासिक बचत तथा ऋृण परिचालन मात्र नभई अन्य कुराको छलफलबाट समुहबाट निकै फाईदा भएको सदस्यले बताए ।

एस नेपालबाट सिमापारि सम्म एच.आई.भि.एड्स सचेतना अभिबृद्धि कार्यक्रम संचालन भएपछि संक्रमितहरुको जिविकोपार्जनका लागी सहयोग त पुगेको नै छ । त्यसको संगसंगै औषधीको नियमितता, स्वास्थ्य पोषणको बारेमा छलफल आदीबाट उनीहरुको क्षमतामा पनि विकास भएको छ । समुह गठन गर्दै जादा उनीहरुको आवाज सामुहिक हुनको साथै उनीहरुले गर्ने काममा पनि थप सहयोग पुगेको स्थानीय सहजकर्ता मोतिसरा धामीले बताईन ।

**"बेसाहराको सहरा बन्यो घुम्तिकोष**



घुघुरकोट वडा नं. ५ बस्ने दिल बहादुर (दिले) र सुनिता कामी श्रीमान श्रीमति हुन । ५ वटा सन्तानका आमा बुवा उनिहरु दुबै जना संक्रमित छन । उनीहरुले आफ्ना जीवनको सम्फनाका दिनहरु यसरी बितेको सुनाए " मेरो बुवा भारतको पंजाबमा एउटा चामलको मिलमा काम गर्नुहुन्थ्यो । उनले मिलमा काम गरेर पैसा कमाए पनि मेरो पढाईमा भने खासै ध्यान दिनसकेनन् । म कक्षा ५ मा पढदै गर्दा बुवाले मलाई घुमाउन भारतको पंजाबमा लगेर गए । मलाई बुवाले ४ बर्ष आफुसंग राख्दा पनि नत कुनै काम नै सिकाए न काममा लगाए नै । चारपाँच बर्षपछि म उन्निस बर्षको भए र मेरो बिवाह गर्न मलाई घरमा लिएर आउनुभयो । घरमा आईसकेपछि आमाको करकापबाट सुनितासंग मेरो बिबाह भयो । बिवाह भए पनि भारतका शहरहरुमा घुम्ने र काम गर्ने मेरो मनको रहरमा कुनै कमि आएको थिएन र म पनि मुम्बईवाला नै भए ।

सुरुमा दिल बहादुरले आफुलाई एच.आई.भि.भएको २०६४ सालमा भारतमा नै थाहा पाएको बताए । तर तुरुन्त घरतिर फर्केका दिल बहादुरले भने त्यो कुरा आफ्नो श्रीमतिलाई पनि थाहा नदिई असुरक्षित यौन सम्पर्क गरेको कारण उनले सुनितालाई पनि एच.आई.भि.सरेको हुन सक्ने बताए । मलाई पनि बेलाबेला असन्चो भईरहने तर औषधि उपचार गराउनु पर्छ भन्दा पनि औषधि उपचार गराउने कुरामा श्रीमानले

चासो नदेखाएको उनकी श्रीमति सुनिताले बताईन । औंषधि उपचार किन नगएको भनेर श्रीमानलाई सोध्दा "अरुले थाहा पाउन्छन भनेर नगएको" बताउछन ।

एस नेपालबाट संचालित रयाब कार्यक्रमको सहयोगबाट गाविसमा संक्रमितहरुको समुहमा घुम्तिकोष परिचालन गरिरहेको कुरा दिलबहादुरलाई कार्यक्रका सामाजिक परिचालक राजेन्द्र बिकले बताएको थियो । यो कुरा उनले थाहा पाउदा उनलाई आकासबाट खसेझैं लाग्यो आफु जस्तै संक्रमित अरुपनि रहेछन भन्ने लागेर उनको मन धेरै खुशि भएछ । त्यसपछि उनको आफ्नो मनमनै मर्छु भने सोचमा एक्कासि परिवर्तन आयो र श्रीमति सहित दुवैजना जिल्ला अस्पताल मंगलसेन गयौं भनेर उनले बताए । डाक्टरले नियमित औषधि खाएमा पहिलेको जस्तै हुने बताए पछि उनले औषधि खान थाले तर श्रीमतिलाई जाच गर्दा औषधि खान परेन । मलाई बिस्तारै सन्चो हुदै गयो, संस्थामा कामगर्ने सामाजिक परिचालक राजेन्द्र बिकको पहलमा गाविसको सहयोगि समुहमा आबद्ध भयौ भनेर दिलबहादुर भन्नुहुन्छ ।

सहयोगि समुहका अरु सदस्यहरुले जस्तै घुम्तिकोषबाट ऋण लगेर भैसि किन्ने उनीहरु दुईजना बुढाबुढीहरुको सल्लाह भएछ र रु. १८०००/ ऋणमा बाकि पैसा आफुले थपेर भैसि किन्नुभयो । उनले एक छाकको दुध घरमा राख्ने र एक छाकको दुध पसलमा बेच्न थाले । दुध र घिउबाट आम्दानी भएको पैसाले घुम्तिकोषको अलिकति पैसा फिर्ता गरि सकेको र केहि बाकि रहेको कुरा उनले बताए । आफनो जीवनमा नयां आयू दिने घुम्तिकोषलाई सलाम भन्दै आज भोलि आफुजस्तै संकमित भएर बाचि रहेका कयौ मानिसहरुको जीवन साथि घुम्तिकोष बनेको छ । यसको संरक्षणको लागी हामीलाई सहयोगि हातहरु चाहिएको छ भन्छन दिलबहादुर ।

## नाम एक काम अनेक

टिका भण्डारी कुईका गाविस वार्ड नं. ४ का बासिन्दा हुन । ३५ बर्षिय भण्डारीका दुई छोरा र दुइ छोरी छन । घरमा माईलो छोराका रुपमा रहेका टिका भण्डारीले सानै उमेरमा स्कुल छोडेर भारतका बिभिन्न शहरहरुमा कामका लागी १७ बर्ष बिताएको बताउन्नुहुन्छ । "आफुलाई एच.आई.भि.संकमण भैसकेपछि कसैलाई घरमा नबताएकाले आफ्नो स्वास्थ्य बिग्रदै गएको बेला एस नेपालको यस कार्यकमले आफुमा निकै उत्साह जगाएको उनले बताए । के गर्ने मरिन्छ, आफुले निकै गल्ति गर्दा पो आफुलाई एच.आई.भि.लागेको हो भन्ने कुराले मनमा सताई रहन्थ्यो त्यसलाई निको पार्न यो कार्यकम र कर्मचारीबाट सहयोग पुग्यो उनले थपे" ।



उनकि श्रीमति बिन्द्रा भण्डारीले पनि त्यसै कुरामा जोड् दिदै  भनिन “हामीसंग त उहाँ केहि कुरा नगर्ने , एक्लै टोलाएर बस्ने गर्नुहुन्थ्यो । यी नानी (सहजकर्ता) आईसके पछि यीनका कुराले राम्रो औषधिको काम गर्‍यो, कुरा थप्दै टिकाले भने । उनी समुहमा आबद्ध भईसकेपछि बाख्रापालनका लागी समुहबाट रु. पन्द्रहजार लगेका थिए । त्यसबाट उनले ५२ हजारका खसिबाखा बेचिसकेका छन भने अझै ७ वटा खसिबाखा उनीसंग रहेका छन । उनले समुहको ऋण फिर्ता गर्नुको साथै छोराछोरी लाई पढाउन निकै सहयोग भएको बताए । समुहको गठनबाट आम्दानी तर्फ त सहयोग पुग्यो नै औषधि उपचारमा पनि उनलाई सहयोग पुगेको छ । समुहका प्रत्येक बैठकमा औषधि ल्याउन को गए, कसले ल्याएको छैन, कसले नियमित खाएको छ छैन, यसको बारेमा छलफल हुदा उनलाई थप फाईदा पुगेको छ ।

आजभोलि आएर आफुलाई एच.आई.भि.संक्रमणमा नियमित औषधी र खानपिन महत्वपूर्ण रहेछ भन्ने लाग्छ भनी उहाँ भन्नुहुन्छ । कुलत र द्रुब्यसनीबाट टाढा भए जीवन धेरै लामो हुने उहाँको अनुभव रहेको छ । सबै भन्दा ठुलो कुरा उहाँलाई आफ्नो श्रीमति एच.आई.भि.संक्रमित नभएकोमा खुशि लाग्छ र संक्रमणबाट बचाउनु आफ्नो मुख्य काम रहेको बताउनुहुन्छ । श्रीमतिले पनि एच.आई.भि.संक्रमणबाट बच्ने उपायहरुको बारेमा बताउँदा, लाजमाने जस्तो गरि मुस्कुराउछन टिका भण्डारी ।

**व्यावसाय गरेको देख्दा सबैले हातेमालो गर्ने**



चण्डिका कृषक व्यावसाय पाठशाला जनालीकोट गाविसको वडा नं ४ मा रहेकोछ । यस समुहमा २० जना सदस्यहरु रहेका छन् । कृषक व्यावसाय पाठशाला शुरु हुनपुर्व यस समुहका सदस्यहरु परम्परागत तरिकाबाट खेती गर्दथे । गरेको खेति वाट ३-६ महिना सम्म मात्र खान पुग्ने अन्न उत्पादन हुन्थ्यो । २ जना सदस्यले अलिअलि तरकारी बिक्रि गरे पनि अरु सदस्यहरुले कहिले काही आफुलाई खान मात्र तरकारी लगाउने गर्थे । कृषक व्यावसाय पाठशाला संचालन भएपछि कृषकहरुको बार्षिक व्यावसायिक योजना निर्माण गरियो । यसले गर्दा कृषकहरुले बजारको माग अनुसार उत्पादन गर्नथाले । उत्पादिन कृषि उपजहरु पनि संकलन केन्द्रमा खरीद बिक्रि गर्ने र स्थानीय एग्रोभेट संग सामाग्री खरिद गर्ने उनिहरु वीच सम्झौता भयो । यसरि कृषक समुहका सदस्यहरु बिस्तारै बिस्तारै व्यावसायिक वन्दै गएको देख्दा कृषि सेवा केन्द्र, गाविस, सहकारी लगायत बिभिन्न निकायहरुवाट पनि आर्थिक तथा प्राविधिक सरसहयोग पाउनथाले । हाल त्यहाका कृषक व्यबसायकर्ताहरुले हिउदे तथा बर्खे सिजनमा नियमित रुपमा बिभिन्न किसिमका तरकारीहरु उत्पादन गरिरहेकाछन । बार्षिक

रुपमा कम्तिमा पनि एक सदस्यहरुले १० हजार देखि ६०-७० हजार सम्म आम्दानी गर्न थोलेका छन् । सदस्यहरुको आम्दानी बढ्दै गएपछि भाडामा जग्गा लिएर पनि उत्पादन गर्न उनीहरु उत्साहित भएका छन् । जसले गर्दा घर खर्च चलाउन र समूहमा बचत गर्न उनीहरुलाई सजिलो भएको छ ।

## बाख्राले सिकाएको पाठ



अछाम जिल्ला पातलकोट गा.वि.स. वडा नं २ बाहुन टोल निबासी बर्ष ५३ का तुलाराम जोशीले आधुनिक तरिकाबाट बाख्रा पाल्न थालेका छन । आफनो आर्थिक उन्नतिसंग समुदायका मानिसले देखेर पनि सकारात्मक सिकाई लिन सकुन भन्ने उदेश्यले उनले ब्यबसाय सुरु गरेका थिए । उसो त उनि समाजसेवी पनि हुन र समुदायको सेवा गर्दै आईरहेका छन । नौं जनाको उनको परिवारमा सबैजना बेरोजगार थिए र उनको आर्थिक अबस्था पनि कमजोर थियो जसले गर्दा उनको परिवारमा खान लाउन समस्या थियो । आफ्नो उत्पादनले उनको परिवारलाई छ महिना मात्र खान पुग्दथ्यो, बाकी समय भारतमा गई नोकरी गरेर कमाएको पैसाले गुजारा चलाउनु पर्थ्यो ।

यसैक्रमा एस लेपाल द्धारा संचालित कृषि स्वरोजगार कार्यक्रममा उहाँको पनि सहभागीता भयो । साविकको पातलकोट गाविसको कालिका बचत तथा श्रृण सहकारी संस्थामा उहाँपनि शेयर सदस्य हुनुहुन्थ्यो । एसनेपाल र कालिका सहकारीकै सहयोगमा उनले छ दिने बाख्रापालन तालिम संगै ब्यबसाय संचलनका लागि रु. १४,८०० सहयोग पनि पाए । उहाँको इच्छा र लगनसिलताका कारण बाख्रा पालन ब्यबासाय सुरु गरेको करिब १ बर्षमा नै उनले रु.२२,८०० आम्दानि गरेर अझै आफुसगं ५ वटा बाख्रा २ वटा खसि १ वटा बोका रहेको बताउनुहुन्छ । जस्को बजार मुल्य जम्मा रु. ३८००० भन्दा बढि हुनजान्छ । बाख्राबाट गरेको आम्दानिले अझै बाख्रा थपेर आधुनिक खोर निर्माण गरि जिल्ला पशु सेवा र्कायलयमा दर्ता गर्ने आफ्नो सोच रहेको बताउनुभयो । उनले भन्नुभयो, बाख्रा पालन ब्यबसायलाइ निरन्तर रुपमा अगाडि बढाउदै आफुलाई एक नमुना बाख्रा पालन कृषकको रुपमा चिनाउने मेरो योजना रहेको छ । हालै बाख्राको जोखिम कम र्गन ४ वटा बाख्राको बिमा पनि उनले गरिसकेको छु । हाम्रै गाउँ घरमा सानै ब्यबसायबाट सुरुवात गरेर पनि धेरै पैसा कमाउन सकिन्छ र पैसा कमाउनको लागि अर्काको मुलुक जानु पर्दैन भन्ने सन्देश अरु दाजुभाईलाई दिई राखेको कुरा उहाँ बताउनुहुन्छ ।

## समुह नेतृत्व देखि राजनैतिक नेतृत्व सम्म !



अछाम जिल्ला साँफेबगर नगरपालीका वाडा नं. ९ (साविकको बुढाकोट गाविस वडा नं. ३) निवासी बर्ष ४६ कि शुशिला मिजार एच.आई.भि. संक्रमित महिला हुन । १२ बर्ष पहिले श्रीमानको मृत्यु पनि एच.आई.भि./एड्सकै कारणले भएको थियो । हाल उनी एक छोरा र एक छोरीका साथमा बसिरहेकि छन । करिब १२ बर्ष पहिले उनको श्रीमानको मृत्यु भए पछि उनले आफू पनि एच.आई.भि./एड्स संक्रमित भएको थाहा पाईन र निकै निरास पनि भएको कुरा बताउँछिन । उनले भन्नुभयो " यो मृत्यु रोगले अनायस समात्यो, अव कसरी आफ्नो जीवन विताउने होला? कहिले मरिने हो ? अव बाँच्ने आशा पनि छैन ।" भनेर उनको मनमा निराशा छाईसकेको थियो । एस नेपालद्धारा संचालित सिमा पारी सम्म एच.आई.भि.एड्स सचेतना (र्‍याव) कार्यक्रममा उहाँ पनि सहयोगि समूहमा आवद्ध हुनुभयो । बिस्तारै एच.आई.भि.एड्स सम्बन्धी जनचेतना मुलक सन्देशहरुको जानकारी पाउँदै गईन । बिभिन्न संघ संस्थाहरुको सहयोगमा उनको रगत परिक्षण गराई उनलाई थप उपचार र आबश्यक परामर्श दिई जीवन प्रति आशा जगाउने काम एस नेपालबाट गरियो । त्यस पछी उनले आफनो सिडि फोर र भाईरल लोड (CD4 र Viral Load) को निरन्तर जाँच गर्ने र जिल्ला स्वास्थ्य कार्यालय अछामको परामर्शमा नियमित एआटि (ART) खाने गरिन । एस नेपालको सहयोगमा उनले घरमा सानो करेसाबारी गरि दैनिक जसो तरकारी र पौष्टिक खाना खान थालिन । यसका साथै उनी गाउँघरमा हुने सबैजसो सामाजिक कृयाकलापहरुमा अन्य सरह सकृय हुन थालिन । संगसंगै उनले स्थानीय स्तरमा राजनीतिमा पनि सक्रियता देखाईन फलस्वरुप स्थानिय निर्वाचनमा उनी साँफेबगर नगरपालिका वडा नं. ९ बाट दलित महिला सदस्यमा निर्वाचित भई समुदायको नेतृत्व गरिरहेकि छन ।

# कुरा मायाको

*घृणाको जिन्दगीले  महलको बास भन्दा प्रेणाको जिन्दगिलाई झुप्रोको बास महान हुने  बताउन्छन कुईका ४ का महामति बिक ।*



४५ बर्षीय महामति नेपाली एक दलित परिवारकी एचआईभि संक्रमित महिला हुन । तीन छोरा र तिन छोरीकी आमा महामति नेपालीका श्रीमान कम्मान सिह नेपालिको १० बर्ष अगाडि मृत्यु भएको थियो । श्रीमानको मृत्य पछि महामतिलाई छोराछोरी हुर्काउन निकै समस्या भयो । दुःख सुख गरेर पालनपोषन गरेका छोराहरुले बुहारी भित्राए पछि बुहारिलाई लिदै भारततिर लागे । श्रीमान मरेको पिडा त्यो श्रीमतिलाई मात्र थाहा हुन्छ जसले पिडा भोगको हुन्छ भनेर उनी सुनाउछिन । आफुलाई एचआईभि भएको थाहा पाएपछि उनका छोरा बुहारीहरुले केहि नभनेर भारतको बाटो रोजेका थिए । छोरा बुहारीको यस्तो ब्यबहार देखेर उनी आफैलाई भेदभाव गरेको महसुस गर्थिन । उनी भन्छिन, समय बित्तै गयो, मलाई पनि सहयोगी हातहरुबाट औषधि उपचारमा सहयोग पुरयाउने काम भयो । मैलै ल्याएको औषधि तिन महिना सम्म प्रयोग गरेको कुरा छोरा बुहारीलाई फोनबाट सुनाए । तर छोरा बुहारीले राम्रो संग कुरा गरेनन् । अनि दिक्क लागेर आयो र आफु संग भएका सबै औषधिहरु खोलामा लगेर बगाए । मनमनै सोचे आफुले पालेका छोराछोरीहरु त आफ्ना  भएनन भने अरु आफ्ना कसरी होलान...त्यसपछि सबै आस मारेर मर्ने दिनहरु कुरेर बसे ।



एस नेपालद्धारा संचालित सुरिक्षत आप्रवासनका लागि एचआईभि शिक्षा कार्यक्रम कुईका गाविसमा संचालन भएपछि महामतिलाई पनि समुहमा आवद्ध गरियो । सुमहको बैठकमा औषधिको नियमित सेवन लगायत बिभिन्न बिषयमा हुने छलफलले आफुमा पनि हौसला जागेको र पुनः औषधि खान मन पलाएको महामतिले बताईन । उनको स्वास्थ्यको अवस्था भने बिग्रदै गैरहेको थियो । महामतिले आफु छोरा बुहारीबाट अपहेलित भएको र छोरा बुहारी उनिबाट अलग भएर खाना समेत छुटै भान्सामा खाने गरेको कुरा बताईन । उनको सबै कुरा सुनिसके पछि एस नेपालका स्थानीय सहजकर्ताले छोरा बुहारीलाई एचआईभिको बारेमा जानकारी गराई सासु बुहारीलाई एकै ठाउँमा राखी औषधिको बारेमा जानकारी गरायो । आजको दिनमा बुहारीले सबै कुरा बुझिसके पछि आफ्नी सासुलाई नियमित रुपमा औषधि खुवाउने काममा सहयोग गरिरहेको महामतिले बताईन । सासु बुहारि बिचको समन्धबाट महामति निकै खुसि भएको र आफ्नो स्वाथ्यमा आएको सुधारले महामतिले घरायसि काममा पनि निकै उत्साहित भएर सहयोग गरिरहेको बुहारि धनकलाले बताईन । अहिले सासुले साना बालबालीकाको हेरालो लाग्ने काममा सहयोग गरेको आर्कि बुहारी दुराले बताईन । मानिसलाई

बांच्नका लागि खान त न भै नहोला तर माया र ममताले भिटामिनको काम पनि गर्छ भनेर महामति भन्नुहुन्छ ।

# चैाकीदार देखि व्यावसाय कर्तासम्म

दिर्घ आउजि, बिनायक पञ्चदेवल नगरपालिका २ का बासिन्दा हुन । ३८ बर्षका दिर्घ आउजिको २०५२ सालमा बिबाह  भयो । आमावुवा र दुईटा छोराछोरी गरि उनको जम्मा ६ जनाको परिवार छ । उनी प्रायःजसो दुई महिना घरमा बस्ने र बाँकि समय भारतमा बिताउने गर्थे । यसै क्रममा २०६३ सालमा बिरामि भएर घर फर्केका आउजीले धामिझाक्रिसंग औषधि उपचार गराए । केहि सिप नलागे पछि उनि एक पटक जिल्ला अस्पतालमा  पुगे । जिल्ला अस्पतालमा एचआईभि भएको थाहा पाएपछि घरमा फर्के । त्यसपछि सार्बजिक समारोह देखि गाउँका सामुहिक कार्यमा उनको उपस्थिती कम हुदैगएको उनी बताउछन । एस नेपाल अछामले बिगत २ बर्ष देखि सुरक्षित आप्रवासनका लागि एचआईभि शिक्षा कार्यक्रम अन्तरगत संक्रमितहरुको सुमह गठन प्रकृयाबाट घुम्तिकोष परिचालन गरिको आउजीले थाहा पाए । भारतमा बस्दा आफु एचआईभि संक्रमित भएको पुनः  भारतमा नै कामगर्न जानु उनलाई ठुलो पिडा जस्तै हुनपुग्यो । त्यसपछि उनले संक्रमितहरुको बैठक संचालन प्रकृया र घुम्तिकोषको बारेमा एस नेपालको फिल्ड कार्यालयमै आएर जानकारि लिई सुमहमा आवद्ध भए । अरु सदस्यहरु संगै उनले पनि सुमहमा बचत गर्दै गए । संक्रमितहरुको बैठक हरेक महिनाको पाँच गते बस्ने गर्दछ ।

हाल आएर उनले समुहबाट चालिस हजार रकम ऋण लिई एउटा भैसि किनेका छन । साझको दुधबाट



बनेको दहि, महि घरका सदस्यहरुले खाईरहेका छन भने बिहानको दुध र घ्यू बेचेर मासिक ९,०००। भन्दा बढि आम्दानि गरिरहेको उनले बताए । आउजी भन्छन, एस नेपालको सहयोगमा गठन भएको संक्रमितहरुको समुह मेरा लागि खुशिको अवसर भयो । यसरि दुध र घ्यूबाट गरेको आम्दानीले उनको घर खर्च चलेको छ । कुराकानी गर्दैजादा उनी अगाडी थप्छन, आफ्नै गाउँठाउंमा केहि गर्ने र परिवारसंग बस्ने इच्छालाई यो समुहले र एस नेपालले पुरा गरिदियो । नियमित औषधि र खानपानलाई ध्यान दिदा स्वाथ्य पनि रम्रो हुने र कामपनि धैरै गर्न सकिने रहेछ ।